# देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर,नवलपरासी (ब.सु.पू.)

## जीर्ण भवन भत्काउने र भत्केको भवनको कवाडी (Scrap) सामान लिलाम बढाबढको सुचना :

### प्रथम पटक प्रकाशित मिति : २०७५।१०।१८

यस कार्यालयको परिसर अगाडि रहेको साविक प्रगतिनगर गा. बि. स. को कार्यालयको जीर्ण भवन भत्काई भत्केको सामान लिलाम बढाबढ गरी बिक्री गर्न नगर कार्यपालिकाबाट स्वीकृत भै मुल्याङ्कन समितिले पेश गरेको लिलाम बढाबढको न्युनतम रकम अङ्क समेत कार्यपालिका बैठकबाट स्वीकृत भएकोले सोका आधारमा निम्न शर्तहरुको आधारमा लिलाम बढाबको २१ दिने बोलपत्र सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१.शिलबन्दी बोलपत्र पेश गर्ने मिति सुचना प्रकाशित भएको मितिले २१ दिनको हुने छ । सो दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन बोलपत्र बुझाउने म्याद बिहान १२:०० बजे सम्म हुने छ । सो लगत्तै १:०० बजे लिलाम बढाबढ बोलपत्र खोलिने छ । प्रतिनिधि वा बोलपत्रदाताको उपस्थितिमा बोलपत्र खोलिने छ । निजहरुको उपस्थिति नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम खरीद गर्ने मिति बोलपत्र खोलेको २० औं दिनको कार्यालय समय भित्र हुने छ । सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन गणना गरिने छ । बोलपत्र फारम कार्यालय समयमा राजस्व शाखाबाट रु. ३०००/- को रसिद काटी खरिद गर्न सकिनेछ । बोलपत्र खरीद गर्ने व्यक्ति/संस्था/कम्पनी/फर्मले मात्र बोलपत्र पेश गर्न पाउने छ ।

२. बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था/कम्पनी/फर्म भए प्रचलित कानुन बमोजिम दर्ता प्रमामण पत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ सम्मको नविकरण, आयकर तिरेको प्रमाण पत्र साथ पेश गर्नु पर्ने छ ।

३. लिलाम बढाबढमा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनोट गरिने छ । बोलकबोल अंकमा भ्याट रकम जोडी सम्झौता गरिने छ ।

४. बोलपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको रा. वा. बैंक कावासोती शाखाको ३२००३०३००७१०५ खाता नं. मा जम्मा गरेको सक्कल बैंक भौचर सहित शिलबन्दी लिलाम बढाबढ बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छेन ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

६. जीर्ण भवन हेर्न चाहनेले यस कार्यालयमा सम्पर्क राखी हेर्न बुझ्न सक्नु हुने छ । बोलपत्र स्वीकृत भएपछि नियमानुसार कार्यदेश पाईसके पछि भवन भत्काउन पाईने छ । भवन भत्काउनु अघि कबोल गरेको सम्पूर्ण रकम र यसमा जोडिएको भ्याट समेत भुक्तानी गरि सकेपछि मात्र भवन भत्काउन पाइने छ । भवन भत्काउने काम शुरु गर्न बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र बोलपत्रदाता नआएमा बोलपत्रदाताले राखेको ५ प्रतिशत अग्रिम धरौटी जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइने छ ।

७. रित नपुगेको र शर्त राखी आएको लिलाम बढाबढ बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही गरेको हुनुपर्ने छ । वीना धरौटी, कम धरौटीका बोलपत्रको मान्यता हुने छैन ।

९. यस बोलपत्र सुचनामा छुटेका कुराहरु प्रचलित कानून बमोजिम हुने छन् । बोलपत्र सम्बन्धि जानकारी लिन चाहेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०७८-५७५३९६ मा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिने छ ।

| कामको विवरण | न्यूनतम बोल रकम | कार्यालय |
|---|---|---|
| भवन भत्काउने र कवाडी सामान लिलाम बढावढमा लिने | रु. ४६,४४५।३४ (भ्याट बाहेक) | देवचुली नगरकार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू) जिल्ला |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner